नेपाल सरकार
गृह मन्त्रालय
# प्रहरी प्रधान कार्यालय
प्रहरी महानिरीक्षकको सचिवालय

फोन: ०१-४४१२४३२, ०१-४४१२७३७
Ext: ०१-४४११२१०, १०२,११५,११६
फ्याक्स : ०१-४४१५५९३
पो.ब.नं. ४०७
नक्साल, काठमाण्डौ

पत्र संख्या:

प्रा.प.सं. :

मिति: २०७५।०७।११ गते।

## हार्दिक समवेदना।

मिति २०७५।०७।१० गते दिउँसो अं. १५:०० बजेको समयमा काभ्रेपलाञ्चोक जिल्ला मण्डनदेउपुर न.पा.- ६ गैह्रीबिसौनी भागेटारस्थित सडकमा चुरियुगाबाट हिगुवापाटीतर्फ आउंदै गरेको बा. ३ च. २८७ नं. टोयटा जीप उक्त सडक खण्डबाट अं. ५०० मिटर तल खस्न गई दुर्घटना हुँदा काठमाण्डौ जिल्ला का.म.न.पा.-३१ बानेश्वर, शान्तिनगर घर भई प्रहरी प्रधान कार्यालय, अन्वेषण योजना निर्देशनालयमा कार्यरत प्र.ना.म.नि. शुसिल कुमार भण्डारीले मृत्युवरण गर्नु भएको खवरले अत्यन्त मर्माहत तुल्याएको छ। उक्त घटनाले नेपाल प्रहरी संगठनलाई अपूरणीय क्षति पुग्नुका साथै उहाँको निधनबाट संगठनले एक कर्तव्यपरायण, कर्मठ र वीर प्रहरी अधिकृत गुमाएको छ। जसको अभाव समग्र प्रहरी संगठनमा सदैव खड्किरहनेछ। यस दुखद घडीमा दिवंगत आत्माको चीरशान्ति एवं शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति मिलोस् भनी सिङ्गो नेपाल प्रहरी संगठन प्रार्थना गर्दछ।

साथै उक्त गाडीमा सवार काभ्रेपलाञ्चोक जिल्ला मण्डनदेउपुर न.पा. वडा नं. ४ बस्ने जिवन पराजुली र ऐ. जिल्ला नमोबुद्ध न.पा. वडा नं. १० बस्ने बिनोद कार्कीको सो दुर्घटनामा परी निधन भएकोमा हार्दिक समवेदना एवं शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति मिलोस् भनी प्रहरी संगठन प्रार्थना गर्दछ।

साथै नेपाल प्रहरी संगठन उक्त दुर्घटनामा परी घाईते हुनु भएकाहरुको शीघ्र स्वास्थ्य लाभको समेत कामना गर्दछ।

प्रहरी वरिष्ठ उपरीक्षक
(उत्तम राज सुवेदी)
सूचना अधिकारी/केन्द्रीय प्रहरी प्रवक्ता